# सामुदायिक माध्यमिक विद्यालयमा नेपाली कविता शिक्षण विधि तथा सिकाइ सहजीकरण सञ्चालन प्रक्रिया

तिलकप्रसाद लम्साल, पिएचडी
सामाजिक शास्त्र तथा शिक्षा सङ्काय, नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर
Email: tilaklamsal522@gmail.com

Received: August 16, 2024 Revised: January 15, 2025 Accepted: May 5, 2025

**सार**

प्रस्तुत लेख नेपाली भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाउने गरेका विधि तथा क्रियाकलापसँग सम्बन्धित रहेको छ । यस सम्बन्धमा पूर्वकार्यहरू कमै भएका हुँदा यो अध्ययन गर्नु परेको हो । कविता शिक्षण गर्दा प्रयोग गरिने विधि तथा क्रियाकलापसम्बद्ध पक्षलाई यस लेखमा अध्ययनको समस्या मानिएको छ । यही समस्यामा आधारित भई सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९ र १०) मा नेपाली भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा के कस्ता विधि र क्रियाकलापहरू कसरी सञ्चालन गर्ने गरेका छन् ? भन्ने शोधप्रश्न निर्धारण गरिएको छ । कविता शिक्षण गर्दा अपनाइने विधि र क्रियाकलापहरूको सञ्चालन प्रक्रियाको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ को सैद्धान्तिक ढाँचामा गुणात्मक पद्धतिमा आधारित छ । यसका लागि मोरङको बेलबारी नगरपालिकाअन्तर्गतका दश वटा सामुदायिक माध्यमिक विद्यालय तहका दशओटै नेपाली भाषा शिक्षकहरूसँग अन्तर्वार्ता लिएर तथ्य सङ्कलन गरिएको छ । प्राप्त तथ्यहरूलाई आगमनात्मक विधिबाट वर्णन तथा विश्लेषण गरिएको छ । तथ्य विश्लेषण गर्दा नेपाली भाषा पाठ्यक्रमले निर्दिष्ट गरेका कविता शिक्षण सिकाइ सहजीकरणका विधि तथा क्रियाकलापहरूको शिक्षकहरूले कम मात्रामा प्रयोग गर्ने गरेको मुख्य नतिजा निस्किएको छ । यस मुख्य नतिजाका आधारमा छलफल गर्दा भाषिक सिपमा आधारित विधि तथा क्रियाकलापहरू बढी शिक्षक केन्द्रित रहेका, कविता शिक्षणको क्रममा अस्पष्टता/अन्योल रहेको, कविता शिक्षणमा सिकाइ सहजीकरण प्रक्रिया र तिनका चरणहरूको प्रयोगमा अलमल रहेको, शैक्षिक सामग्री र प्रविधिको न्यून प्रयोग भएको, दैनिक पाठयोजनाको निर्माण र प्रयोगको अभाव

रहेको निष्कर्ष प्रस्तुत लेखको रहेको छ । यसका लागि विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई कविता शिक्षण विधिसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ।

*प्रमुख शब्दहरू* : अभिव्यक्ति, क्रियाकलाप, बोध, भाषिक सिप, सिकाइ ।

## परिचय

हाम्रो देशमा हालको विद्यालय शिक्षामा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षालाई साधारण शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र परम्परागत शिक्षाका रूपमा तीनवटा धारहरूमा बाँडिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७९क, पृ.४५) । उपर्युक्त सबै प्रकारका माध्यमिक शिक्षाका धारहरूमा ५ पाठ्य घण्टा (क्रेडिट आवर) र १६० वार्षिक कार्यघण्टा भएको नेपाली विषयको पठनपाठन गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ (पाठ्यक्रम विकास केन्द्र, २०७९क, पृ.५५-५६) । माध्यमिक शिक्षाका उल्लिखित धारहरूमध्ये पनि साधारण धारको शिक्षा प्रदान गर्ने विद्यालयहरूको वाहुल्यता देखिन्छ । माध्यमिक तहमा सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयहरूका कक्षा ९ र १० मा उक्त पाठ्यक्रमका आधारमा तयार गरिएको एउटै नेपाली भाषाको पाठ्यपुस्तकको उपयोग गरिन्छ । उक्त पाठ्यक्रमको उद्देश्य नेपाली भाषाको पाठ्यपुस्तकका माध्यमबाट भाषा शिक्षण गर्नु हो । भाषा शिक्षण सिपको शिक्षण हो । यसको मुख्य उद्देश्य भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विभिन्न ढङ्गले अभ्यास गराई उपर्युक्त चारवटै भाषिक सिपको विकास गर्नु हो ।

शिक्षकले कक्षामा विषयवस्तुगत भन्दा भाषिक गतिविधि बढी गर्दछन् । लम्साल (सन् २०२४) ले अधिकारी (२०५०, पृ.२) लाई उद्धृत गरेअनुसार शिक्षक कक्षामा निर्देशन दिन्छन्, प्रश्नोत्तर वा छलफल गराउँछन्, वर्णन गर्छन, विवरण दिन्छन् वा दिन लगाउँछन्, पढ्न लगाउँछन् वा विविध किसिमले अभ्यास गराउँछन् । यी सबै शैक्षणिक गतिविधि एक दृष्टिले भाषिक गतिविधि ठहरिन्छन् (पृ.२) । त्यसैले भाषिक गतिविधि क्रियाकलापमुखी हुन्छन् । उल्लिखित चारवटै भाषिक सिपहरूको विकास गर्न उपयुक्त विधि तथा क्रियाकलापहरूको प्रयोग गर्नुपर्दछ । विद्यार्थीहरूलाई क्रियाकलापमा बढीभन्दा बढी सक्रिय बनाई व्यावहारिक तरिकाले शिक्षण गर्न सके भाषा शिक्षण प्रभावकारी हुन्छ ।

साहित्यका विधाहरूमा भाषाको विविध रूपको प्रस्तुति रहने हुँदा भाषिक सिप शिक्षण गर्न कथा, कविता, निबन्ध, रूपक आदि विधाहरूको सहयोग लिने गरिन्छ । यी विधाहरू मध्ये कवितालाई प्रमुख मानिन्छ ।माध्यमिक तहमा कविता शिक्षण गर्नुको उद्देश्य रोचक, आकर्षक र प्रभावकारी ढङ्गले नेपाली भाषालाई सिकाउनु हो । त्यसैले यहाँ सामुदायिक विद्यालयका माध्यमिक तहका नेपाली भाषा शिक्षकहरूले कक्षा ९ र १० मा कविता विधामा आधारित भएर नेपाली भाषा शिक्षण गर्दा अपनाउने गरेका सिकाइ सहजीकरणका विधि तथा क्रियाकलापहरूमा आधारित भएर अध्ययन गरिएको छ ।

कविता विधा विशेषका शिक्षण विधि तथा क्रियाकलापमा केन्द्रित भएर गरिएका पूर्वअध्ययनको कमी देखिन्छ । यसो भएको हुँदा सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा ९ र १० मा नेपाली भाषा शिक्षकले कविताका माध्यमबाट सिकाइ सहजीकरण गर्दा प्रयोग गर्ने गरेका विधि तथा क्रियाकलापलाई यस लेखमा अध्ययनको समस्या मानिएको छ । प्रस्तुत अध्ययन यही समस्याको समाधानको खोजीमा केन्द्रित रहेको छ । अतः सामुदायिक विद्यालयमा माध्यमिक तहका नेपाली भाषा शिक्षकले कविताका माध्यमबाट सिकाइ सहजीकरण गर्दा प्रयोग गर्ने गरेका विधि तथा क्रियाकलापहरूको वर्णन तथा विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । यस सन्दर्भमा कविता शिक्षणका क्रममा शिक्षकहरूले कुन कुन विधि तथा क्रियाकलापहरू कसरी सञ्चालन गर्छन् भन्ने जिज्ञासा उत्पन्न भएको हुँदा प्रस्तुत अध्ययन गर्नुपर्ने आवश्यकता पर्न गएको हो । यो अध्ययन कविता शिक्षणका विधि र क्रियाकलापसँग सम्बन्धित भएकाले प्रभावकारी ढङ्गले कविता शिक्षणका लागि नेपाली भाषा शिक्षकलाई आवश्यक जानकारी प्राप्त गर्न सहयोगी हुने हुँदा यस लेखको महत्त्व र औचित्य रहने देखिन्छ ।

माध्यमिक तहमा कविता शिक्षणसम्बद्ध सिद्धान्त वा अवधारणा आधारित भएर भाषा शिक्षणका सैद्धान्तिक पक्ष, विधि, पद्धति, प्रक्रिया र क्रियाकलापहरूसम्बद्ध केही अध्ययन भएका देखिन्छन् । त्यस्ता पूर्वकार्यहरूमा लामिछाने (२०६१), अधिकारी (२०६७), पौडेल (२०६७), शर्मा र पौडेल (२०७३), घिमिरे (२०७७) आदिका प्रकाशित पुस्तकहरूमा भाषा शिक्षणका पद्धति र विधिहरूको सैद्धान्तिक पक्ष, तिनको प्रक्रिया, भाषिक विधा शिक्षणका विधि तथा क्रियाकलापहरूको

चर्चा गरिएको छ । त्यसै गरी शर्मा (२०६८) र पन्थी (२०७९) का अनुसन्धानमूलक लेखहरूमा साहित्य शिक्षणमा अपनाइने शिक्षण विधि तथा कार्यकलापहरू र प्रक्रियाको सङ्क्षिप्त रूपमा चर्चा गरिएको पाइन्छ । त्यसै गरी घिमिरे (२०७९) को एमफिल तहको शोधप्रबन्धमा पनि नेपाली भाषा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधि तथा क्रियाकलापहरूका सम्बन्धमा अध्ययन गरिएको पाइन्छ । त्यति भएर पनि कविता विधा विशेषलाई अध्ययनीय विषय बनाई शिक्षकले प्रयोग गर्ने गरेका विधि तथा क्रियाकलापहरूका सम्बन्धमा अनुसन्धानको कमी रहेको देखिन्छ । यही कमी नै प्रस्तुत लेखको अनुसन्धान अन्तराल हो ।

अनुसन्धान अन्तराललाई सम्बोधन गर्ने संयन्त्रलाई शोध प्रश्न मानिए (श्रेष्ठ, २०७७, पृ.३०) अनुसार उपर्युक्त समस्या समाधानका लागि यस अध्ययनमा माध्यमिक तह (कक्षा ९ र १०) मा नेपाली भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा के कस्ता विधि र क्रियाकलापहरू कसरी सञ्चालन गर्ने गरेका छन् ? भन्ने अनुसन्धान प्रश्न निर्धारण गरिएको छ । प्रस्तुत अध्ययनमा यही अनुसन्धान प्रश्नको जवाफ खोज्ने कार्य भएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको क्षेत्र मोरङ जिल्लास्थित बेलबारी नगरपालिकाअन्तर्गतका दशौवटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन् । यसका लागि उक्त विद्यालयहरूमा कक्षा ९ र १० मा नेपाली भाषा शिक्षण गर्ने दश जना सबै शिक्षकहरूलाई सहभागीका रूपमा लिइएको छ । यस लेखमा अन्तर्वार्तासाम्बन्धी बन्धु (२०५२, पृ.५२) को विचारलाई अवलम्बन गर्दै अध्ययनका सहभागीहरूसँग अन्तर्वार्ता गरी प्राथमिक तथ्य सङ्कलन गरिएको छ । त्यसै गरी शीर्षकसम्बद्ध प्रकाशित पुस्तकहरू, *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०) २०७८*, कक्षा ९ र १० को *नेपाली* पाठ्यपुस्तक तथा कक्षा ९ र १० को *शिक्षक निर्देशिका*लाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । त्यसै गरी यो लेख क्रेसवेल (सन् २००९) को मान्यतामा आधारित गुणात्मक ढाँचामा रहेको छ । सैद्धान्तिक तथा अवधारणात्मक रूपरेखा *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८,* कक्षा ९-१० (२०७९) मा आधारित रहेको छ । दर्शन र भाषाको सम्बन्ध घनिष्ठ भएकोहुँदा (लम्साल, २०२४) प्रस्तुत अध्ययनका लागि डेन्जिन एन्ड लिङ्कन (सन् २०११) ले भनेजस्तै भाषा शिक्षण सिकाइ

सहजीकरणसम्बन्धी शिक्षकहरूबाट अनुभव सङ्कलन गरी बहुतथ्य र बहुअर्थहरू पहिल्याउन दर्शनको व्याख्यात्मक आयाम (इन्टरप्रेटिभिज्म) लाई लेखको प्रतिमान (प्याराडाइम) मानिएको छ। शर्मा र लुइटेल (२०५२, पृ.१३) ले भनेअनुसार आगमनात्मक विधिका माध्यमबाट तथ्यको विश्लेषण गरिएको छ। यसका साथै तथ्य विश्लेषण गर्दा सहभागीको छद्म नाम राखेर उनीहरूको गोपनीयतालाई ख्याल गरिएको छ। कविता शिक्षण गर्ने शिक्षकहरूका लागि प्रस्तुत अध्ययन उपयोगी हुन सक्ने देखिन्छ।

## नतिजा र छलफल

प्रस्तुत लेखमा माध्यमिक तहको कक्षा ९ र १० मा नेपाली कविता शिक्षण सिकाइ सहजीकरण गर्दा सञ्चालन गरिने प्रक्रियाका सम्बन्धमा अध्ययन गरिएको छ। अतः यस प्रसङ्गमा कविता विधा, निर्धारित कविता क्षेत्र र कविताहरू, कविता शिक्षण विधि र कविता शिक्षण सिकाइ सहजीकरणका सम्बन्धमा चर्चा गर्नु सान्दर्भिक हुन्छ।

### कविता विधा

कविको अनुभूतिको कलात्मक भाषिक अभिव्यक्तिलाई कविता मानिन्छ। यो भाव वा विचार, छन्द तथा लय र भाषाशैलीको उपयुक्त संयोजन भएको आकर्षक विधा हो। नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९) अनुसार कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फुरणलाई पद्य वा गद्यमा अभिव्यक्ति दिइको रचना नै कविता हो। कवितालाई अङ्ग्रेजी भाषामा 'पोएम' वा 'पोएट्री' भनिन्छ। दुवैको शाब्दिक अर्थ कविको कर्म वा रचना भन्ने हुन्छ। कविता पद्य वा गद्य जुनसुकै ढाँचामा भए पनि कवितामा लयविधान गरिएको हुन्छ। भाषा सिकाइमा साहित्यका अन्य विधाका तुलनामा कविता विधा निकै लोकप्रिय रहेको छ। यसले विद्यार्थीहरूको भावनात्मक र बौद्धिक विकासमा समेत सहयोग गर्दछ। भाषा सिकाइको जटिल कार्यलाई केही सरल र रोचक बनाउन कविता विधालाई भाषा शिक्षणका क्रममा साना कक्षादेखि उच्च तहसम्म उपयोग गर्ने गरिन्छ। कविताको अध्ययनबाट शब्दभण्डार क्षमता, अभिव्यक्ति क्षमता र शैली, भाषा प्रयोग प्रवाह, उच्चारण परिष्कार, कलाप्रति अनुराग र साहित्यप्रति अभिरुचि संवर्धन हुन्छ (शर्मा र पौडेल, २०७३, पृ.२१६)। यसरी हेर्दा कविता शिक्षण

भन्नाले कविताप्रति विद्यार्थीहरूलाई आकर्षित गराई त्यसका माध्यमबाट भाषा सिकाइ प्रक्रिया सञ्चालन गर्नु हो ।

**निर्धारित कविता क्षेत्र र कविताहरू**

नेपाली विषयको पाठ्यक्रम (पाठ्यक्रम विकास केन्द्र, २०७९, पृ.२१-५६) मा उल्लेख भएअनुसार कक्षा ९ को *नेपाली* पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र (२०७९ख) मा प्रकृतिपरक एउटा पद्य कविता (भरतराज पन्तको मेघ बिजुली विवाह, पृ.१), देशप्रेमपूर्ण एउटा गीति कविता (धीरेन्द्र प्रेमर्षिको सारङ्गीमा देश, पृ.८२) र समाज/श्रमपरक एउटा गद्य कविता (भूपिनको आमाको तस्बिर, पृ.१५९) गरी ३ वटा कविता समावेश गरिएको छ भने कक्षा १० को *नेपाली* पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र, २०८०क) मा नीतिचेतनापरक एउटा पद्य कविता (रामप्रसाद ज्ञवालीको उज्यालो यात्रा, पृ.१), श्रम/संस्कृतिपरक एउटा गीति कविता (मुकुन्दशरण उपाध्यायको नेपाली हाम्रो श्रम र सिप, पृ. १०३) र समाज/मानवमूल्यपरक एउटा गद्य कविता (दिनेश अधिकारीको गाउँमाथि एउटा कविता, पृ.२०७) गरी ३ वटानै कविता समावेश गरिएको छ । माध्यमिक तह कक्षा ९ र १० मा जम्मा ६ वटा कविताहरू शिक्षणीय प्रयोजनका रूपमा समावेश गरिएको देखिन्छ ।

**कविता शिक्षण विधि**

*माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८* मा विधाका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूको शिक्षण गर्दा लयबद्ध पाठलाई समावेश गरिएको छ । लयबद्ध पाठ भनेको कविता विधा हो । कविता शिक्षण विधिहरूमा विविधता पाइन्छ । कविता शिक्षणका विधिहरूमा गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्यान विधि, खण्डान्वयन विधि, व्यास विधि, समीक्षा विधि, प्रश्नोत्तर विधि, सिर्जनात्मक सहजीकरण विधि, परियोजना विधि आदि पर्दछन् । त्यस्तै गति, यति र लयबोध, भावार्थ र भावविस्तार, सारांश खिच्ने वा भन्ने, प्रश्नोत्तर, भावबोध, शब्दार्थ खुलाउने कविता शिक्षणका कार्यकलापका रूपमा देखिन्छन् (लामिछाने, २०६१, पृ. १२७-१२८) । कविताप्रति रुचि उत्पन्न गर्ने सहायक क्रियाकलापहरू भनेर अन्ताक्षरी प्रतियोगिता, समस्यापूर्ति, कवि सम्मेलन, कवि जयन्ती र कवि समादरको चर्चा गरेको पाइन्छ (शर्मा र पौडेल, २०७३, पृ. २२१-२२२) । तर

विद्यालय तहमा यी कविताप्रति रुचि उत्पन्न गर्ने सहायक क्रियाकलापहरूलाई त्यति आवश्यक मानिँदैन ।

## कविता शिक्षण सिकाइ सहजीकरण

सिकाइ सहजीकरण भनेको सिक्नलाई सजिलो बनाउने तरिका हो । *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८* मा सिकाइ सहजीकरण प्रक्रियाको चर्चा गर्दै (पाठ्यक्रम विकास केन्द्र, २०७९क, पृ.२१-५६) निर्धारित सक्षमता र कक्षगत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलापलाई सिकाइ सहजीकरण भनिएको छ (पृ.५०) । उक्त पाठ्यक्रम सहजीकरण प्रक्रियाअन्तर्गत (क) भाषिक सिपहरूमा आधारित क्रियाकलाप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपअन्तर्गका क्रियाकलापहरू), (ख) विधाका माध्यमबाट सीपहरूको शिक्षण (आख्यानात्मक पाठ, लयबद्ध पाठ, जीवनीपरक पाठ, निबन्धात्मक पाठ, रूपक पाठ, व्यावहारिक लेखन, भाषिक संरचना र शब्दभण्डार), (ग) बहुबौद्धिकता, (घ) समालोचनात्मक चिन्तन, (ङ) सहकार्यात्मक (व्यक्ति र समूह कार्य), (च) सोधपुछ तथा प्रश्नोत्तर, (छ) पूर्ण शारीरिक क्रिया/अभिनय, (ज) स्वाध्याय र छलफल र (झ) प्रयोगात्मक तथा खोजकार्य रहेका छन् (पृ.५०-५४) । साथै उक्त पाठ्यक्रममा सहकार्यात्मकअन्तर्गतका अन्य सहजीकरण प्रक्रियामा प्रस्तुतीकरण, अभ्यास र उत्पादनलाई पनि समावेश गरिएको छ । पन्थी (२०७९) का विचारमा पनि सिकाइ सहजीकरण अन्तर्गत विद्यार्थीलाई पाठप्रति कसरी उत्प्रेरित गर्ने, पूर्वज्ञानको धारणा र जानकारी कसरी दिने, पुनरावलोकन कसरी गर्ने, शैक्षिक सामग्री कसरी प्रयोग गर्ने, सिकाइका दृष्टिले कमजोर मानिएका विद्यार्थीलाई कसरी उपचारात्मक शिक्षण गर्ने, पाठको थालनी र अन्त्य कसरी प्रभावकारी बनाउने जस्ता शिक्षण सिकाइका क्रममा गरिने सम्पूर्ण गतिविधिहरू पर्दछन् (पृ.२५) । यसरी हेर्दा पाठ्यक्रम निर्दिष्ट सिकाइ उपलब्धिहरू हासिल गर्न शिक्षक तथा विद्यार्थीले सञ्चालन गर्ने समग्र शैक्षिक क्रियाकलापलाई नै सिकाइ सहजीकरण प्रक्रियाको रूपमा बुझिन्छ ।

## कविता शिक्षण सिकाइ सहजीकरण प्रक्रिया

*माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८* मा आधारित सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा, पूर्वकार्यहरूको निष्कर्ष र प्रस्तुत अध्ययनमा संलग्न सहभागीहरूबाट अन्तर्वार्ताको क्रममा प्राप्त तथ्यका आधारमा माध्यमिक तहका नेपाली भाषा शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाउने विधि तथा सिकाइ सहजीकरण सञ्चालन प्रक्रियालाई निम्नलिखित थिमका रूपमा शीर्षीकृत गरी छलफल तथा विश्लेषण गरिएको छ :

### *कविता शिक्षणका सिकाइ सहजीकरण प्रक्रियाका क्रम र चरणहरू*

भाषिक सिप सिकाइलाई सरल, सहज, व्यवस्थित र रुचिपूर्ण बनाउन कवितालाई उपयुक्त क्रममा शिक्षण गर्नुपर्ने हुन्छ । शिक्षण कार्यलाई प्रभावकारी बनाउन, गतिशील तुल्याउन, अनावश्यक पुनरावृत्ति रोक्न, समय बचत गर्न कुनै निश्चित क्रममा कविता शिक्षणका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । कविता शिक्षण क्रमका सम्बन्धमा विभिन्न धारणहरू रहेका पाइन्छन् । शर्मा र पौडेल (२०७३, पृ.२१९-२२१) ले प्रस्तावना, शब्दार्थसम्बन्धी कठिनाइको निवारण, आदर्श पाठ, अनुकरण वाचन, बोधप्रश्नोत्तर, भावार्थसम्बन्धी अभ्यास र मूल्याङ्कनलाई कविता शिक्षण क्रम मानेको देखिन्छ । त्यस्तै कक्षा ९ को नेपाली शिक्षक निर्देशिकामा (क कक्षा सुरुवाती क्रियाकलाप, (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप र (ग) मूल्याङ्कन गरी ३ वटा क्रममा सिकाइ सहजीकरण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०८० ख) । उक्त निर्देशिकामा विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलापअन्तर्गत विषयवस्तुमा आधारित छलफल, कविताको संरचना र पहिचान, लयबद्ध पठन, अनुप्रासको पहिचान र संरचनाको अनुकरण, शब्दोच्चारण, शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, पाठगत शब्दार्थ, विपरीतार्थी शब्दको पहिचान र प्रयोग, समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग, कविता पूरण, बोधात्मक प्रश्नोत्तर, गद्यमा रूपान्तर, कविताको भावबोध, पाठगत बोध प्रश्नोत्तर, व्याख्या लेखन, मूल भाव लेखन, विषयवस्तुको बोध र धारणा, कार्यमूलक व्याकरण र भाषिक प्रकार्य, श्रुतिबोध, सिर्जना र परियोजना कार्य, कविता सङ्कलन र प्रस्तुति तथा कविता रचना आदि गरिएका कार्यकलापहरू समावेश गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०८१) कै कक्षा १० को नेपाली शिक्षक निर्देशिकामा पनि यही क्रमको सङ्केत पाइन्छ ।

कविता शिक्षण गर्दा माथि उल्लिखित क्रमा गर्नुपर्ने भए पनि कुनै कठोर क्रम नै अवलम्बन गरेर कविता शिक्षण गर्नुपर्ने भन्ने त छैन । यसलाई यताउता पार्न पनि सकिन्छ । यसका लागि शिक्षकले आफ्नो शिक्षण अनुभव, दक्षता, सिप र कला तथा विद्यार्थीहरूको उमेर, रुचि, क्षमता आदिका आधारमा कुनै निश्चित क्रम निर्धारण गर्न सक्छन् । यसो भए पनि लयबद्ध पठन, शब्द उच्चारण तथा अर्थबोध, संरचना, लय, अनुप्रास पहिचान, कविताको भावबोध, विषयवस्तुको बोध र धारणा निर्माण, सन्दर्भ र सन्देश बोध, भाषातत्त्व र सिर्जनात्मक कार्य (कविता लेखन) को क्रममा कविता शिक्षण गर्दा प्रभावकारी हुने देखिन्छ ।

प्रस्तुत अध्ययन क्षेत्रमा कविता शिक्षणका सिकाइ सहजीकरण प्रक्रियाका क्रम र चरणहरूका सम्बन्धमा तथ्य सङ्कलन गर्ने क्रममा संलग्न सहभागीहरूमध्ये २५ वर्ष शिक्षण अनुभव भएका शिक्षक रामप्रसाद रिजाल भन्छन्- "म कविता शिक्षण गर्दा सवभन्दा पहिला कविको परिचयको परिचय दिन्छु, त्यसपछि लयबोध गराउँछु पछि अनि कविताको भावबोध र व्याख्या गरिदिन्छु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २५, २०८१) । त्यस्तै अर्का सहभागी शिक्षक भन्छन्- "सबभन्दा पहिला कविको फोटोसहित कविको सामान्य परिचय दिन्छु, अनि लयबोध गराउँछु त्यसपछि भावबोध गराउँछु, अनि अभ्यास गराउने गरेको छु" (ज्ञानचन्द्र मिश्र, व्यक्तिगत अन्तर्वार्ता, वैशाख २६, २०८१) । यसै सम्बन्धमा अर्का सहभागी शिक्षक बलराम पोखरेल भन्छन्- "पहिला कुनै एउटा गीत वा कविता भन्छु, त्यसपछि कविताको आदर्श वाचन गरेर सुनाउँछु अनि पछि पछि विद्यार्थीहरूलाई भन्न लगाउँछु । त्यसपछि अर्थबोध, भावबोध, शब्दार्थ बोध र वाक्यमा प्रयोग गराउने गरेको छु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २७, २०८१) । सहभागी अन्य शिक्षकहरूका धारण पनि यस्तै प्रकारका रहेका छन् । अध्ययनका सहभागीका उपर्युक्त कथनलाई हेर्दा कविता सिकाइ सहजीकरण गर्ने क्रममा सर्वप्रथम अधिकांश शिक्षकहरूले कवि परिचयबाटै सुरु गर्ने गरेको पाइयो । यस क्रममा केही शिक्षकहरूले कविको फोटोसहित कविको सामान्य परिचय दिने गरेको र केही शिक्षकहरूले भने फोटोविना नै मौखिक रूपमा कविको सामान्य परिचय दिने गरेको पाइयो । कवि परिचयपछि सबै

शिक्षकहरूले लयबोध सहजीकरण गर्ने गरेको पाइयो । लयबोध सहजीकरण गर्दा सबै शिक्षकहरूले सर्वप्रथम कविताको आदर्श वाचन गर्ने र त्यसपछि विद्यार्थीहरूलाई अनुकरण वाचनको अभ्यास गराउने गरेको पाइयो ।

प्रस्तुत अध्ययनमा संलग्न सहभागी शिक्षकहरूका उपयुक्त कथनका आधारमा निम्नअनुसारको नतिजा निस्किएको छ :

**कविता शिक्षण सिकाइ सहजीकरणको क्रम, चरणहरू र प्रक्रियाको अस्पष्टता**

कविता शिक्षण गर्दा उत्सुकताको चरण, ज्ञान आर्जनको चरण र दिगो सिकाइ वा सुदृढीकरणको चरणको चरण गरी सिकाइका ३ चरणलाई दृष्टिगत गरी उपयुक्त सहजीकरण क्रियाकलाप छनोट गर्दा सान्दर्भिक हुन्छ । उत्सुकताको चरणमा विद्यार्थीलाई विषयवस्तु तथा शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि जागृत गराई सिकाइका लागि तयार पार्नुपर्छ । त्यस्तै ज्ञान आर्जनको चरणमा सिकाइ सहजीकरण प्रक्रियामा विविधता ल्याउँदै उपयुक्त र पर्याप्त शैक्षिक सामग्रीको प्रयोग गरी पाठ्य कविताको विषयवस्तुमा अन्तरक्रिया, छलफल, खोजी, प्रस्तुतिका माध्यमबाट पर्याप्त ज्ञान आर्जन गर्ने अवसर प्रदान गरिन्छ । त्यसै गरी दिगो सिकाइ वा सुदृढीकरणको चरणमा विद्यार्थीहरूले विभिन्न क्रियाकलापका माध्यमबाट आफूले प्राप्त गरेको ज्ञानलाई प्रयोग गरी कविताको समीक्षा गर्ने, विश्लेषण गर्ने तथा नयाँ कविता सिर्जना गर्ने जस्ता कार्य गर्दछन् । यो पाठ्य कवितासम्बन्धी उच्च तहको ज्ञान प्राप्त गर्ने चरण हो । पन्थी (२०७९, पृ. २०-२९) ले पनि कविता शिक्षण सिकाइ सहजीकरणका उपर्युक्त ३ चरणहरूकै चर्चा गरेको पाइन्छ ।

उल्लिखित सैद्धान्तिक मान्यतालाई आधार मानेर त्यस क्रममा कविता शिक्षण कमै हुने गरेको देखियो । अधिकांश शिक्षकहरू कविता शिक्षणका चरणहरूमा त्यति स्पष्ट नभएको अवस्था देखियो । निर्दिष्ट क्रम र प्रक्रियाभन्दा पनि शिक्षकलाई आफू अनुकूल हुने गरी कविता शिक्षण गर्ने गरेको देखियो । अतः शिक्षकहरूमा कविता शिक्षणका सिकाइ सहजीकरण प्रक्रियालाई व्यवस्थित, सहज तथा प्रभावकारी बनाउन कविता शिक्षण सिकाइ सहजीकरणको क्रम, तिनका चरणहरूको प्रयोग गर्न कतिपय शिक्षकहरूमा केही अस्पष्टता र अलमल भएको देखियो ।

**माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ मा समाविष्ट सिकाइ सहजीकरण प्रक्रिया**

माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ मा समाविष्ट सिकाइ सहजीकरण प्रक्रियाहरू निम्नानुसार रहेका देखिन्छन् :

**भाषिक सिपहरूमा आधारित क्रियाकलापहरू**

यसअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपसम्बद्ध सिकाइ सहजीकरणको चर्चा गरिएको छ ।

***सुनाइ सिपमा आधारित क्रियाकलापहरू***

*माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८* ले सुनाइ सिपअन्तर्गत वर्ण र वाक्य विभिदीकरण, लयबोध, श्रुतिलेख, श्रुतिरचना, सुनाइका आधारमा बुँदा टिपोट, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वा घटना वर्णन जस्ता क्रियाकलाप गर्न निर्देशन गरेको छ (पाठ्यक्रम विकास केन्द्र, २०७९क, पु.५०) । उक्त पाठ्यक्रममा उल्लिखित क्रियाकलापहरूमध्ये लयबोध, श्रुतिलेख, श्रुतिरचना, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वर्णन आदि कविता सहजीकरणका लागि उपयोगी हुनसक्छन् । अध्ययन क्षेत्रका शिक्षकहरूले उक्त पाठ्यक्रममा समाविष्ट सिकाइ सहजीकरण प्रक्रियालाई केही हदसम्म उपयोग गर्ने गरिएको देखिएको छ । यस सम्बन्धमा सहभागीहरूसँग अन्तर्वार्ता गर्दा शिक्षक सविता घिमिरे भन्छिन्- "मैले कविता शिक्षण गर्दा आफैंले नमुना वाचन गरेर विद्यार्थीहरूलाई सुनाउने, अप्ठ्यारा शब्दको शुद्धोच्चारण गरी दिने र कविताको भावार्थ बोध गराउने गरेको छु ।" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २५, २०८१) । त्यसै गरी यस सम्बन्धा शिक्षक टीकाराम पराजुलीले भने- "मैले विद्यार्थीहरूलाई लयबोध गराउन कविताको आदर्श वाचन गरी दिएर भावबोध गराउँछु , यसक्रमा कविताको व्याख्या गरेर सुनाउँछु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २६, २०८१) । सहभागी शिक्षक केदार रिमालको कथन पनि त्यस्तै छ । उनी भन्छन्- "कविताको छन्द बोध गराउँछु, आदर्श लयबद्ध वाचन गरी दिएर सुनाउँछु अनि कविताको भावार्थ व्याख्या गरेर सुनाउँछु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २७, २०८१) । अन्य सहभागीहरूको धारणा पनि यस्तै प्रकारको रहेको छ । सहभागीहरूका उक्त भनाइलाई हेर्दा प्रायः सबै शिक्षकहरूले लयबोध र भावबोधका क्रियाकलापहरू नै धेरै गराउने

गरेको पाइयो । सुनाइ सिप विकासका लागि कविता शिक्षण सहजीकरण गर्दा श्रुतिलेख, श्रुतिरचना, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वर्णनजस्ता धेरै क्रियाकलापहरू सञ्चालन गरेको उनीहरूले जानकारी दिएनन् ।

***बोलाइ सिपमा आधारित क्रियाकलापहरू***

बोलाइ सिपअन्तर्गत कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तु वर्णन, कथा कथन, घटना वर्णन, वादविवाद, वक्तृता, अभिनय र नाटकीकरणजस्ता क्रियाकलाप गराउनुपर्छ भनिएको छ । (पाठ्यक्रम विकास केन्द्र, २०७९क, पु.५०) । उपर्युक्त क्रियाकलापहरू मध्ये कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तु वर्णन कविता शिक्षणका लागि उपयुक्त हुन सक्छन् । यस अध्ययनका लागि पाठ्यक्रमका सुनाइ सिपमा आधारित उक्त क्रियाकलापहरूका सम्बन्धमा अध्ययन क्षेत्रका सहभागीहरूसँग अन्तर्वार्ता गर्दा एक शिक्षक भन्छन् - "मैले कविता शिक्षण गर्दा गाउने स्वर भएकालाई वाचन गर्न लगाउने, अनुकृत वाचन, सामूहिक वाचन/सहवाचन, उपसमूहगत वाचन, एकल वाचन, अन्य कवितात्मक रचना वाचन अभ्यास, छलफल, प्रश्नोत्तर, कविता वाचन प्रतियोगिता सञ्चालन गरेर बोलाइ सीपसँग सम्बद्ध क्रियाकालाप सञ्चालन गर्ने गरेको छु" (गोविन्द शर्मा, व्यक्तिगत अन्तर्वार्ता, वैशाख २५, २०८१) । यसै सम्बन्धमा अर्का शिक्षक केदार रिमालले भने- "विद्यार्थीलाई शुद्धोच्चारण, लयबद्ध वाचन, अनुकरण वाचन, सारांश कथन गर्न लगाएर बोलाइ सिप विकासका लागि कविता शिक्षण गर्दछु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २६, २०८१) । अन्य सहभागीहरूका धारणा पनि यस्तै प्रकार रहेको भेटियो । सहभागीहरूका यी तथ्यलाई हेर्दा कविताका माध्यमबाट बोलाइ सिप विकासका लागि प्रायः सबै क्रियाकलापहरू गराउने गरेको पाइए पनि वस्तु वर्णन क्रियाकलाप गराउने गरेको कुनै पनि सहभागीले बताएनन् ।

***पढाइ सिपमा आधारित क्रियाकलापहरू***

पढाइ सिपअन्तर्गत सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थबोध तथा पठनबोध (प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, सारांश, प्रश्नको निर्माण, घटना वर्णन र मिलान) जस्ता क्रियाकलाप गराउनुपर्छ भनिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७९ क, पृ.५०) । यी क्रियाकलापहरू मध्ये कविता शिक्षण सहजीकरणका लागि सस्वर पठन, शब्दार्थबोध तथा

पठनबोधजस्ता क्रियाकलापहरू उपयुक्त ठहर्छन् । उक्त पाठ्यक्रममा समाविष्ट सुनाइ सिपमा आधारित कविता शिक्षणका क्रियाकलापहरूका प्रयोगका सम्बन्धमा सहभागी शिक्षकहरूसँग अन्तर्वार्ता गर्दा शिक्षक मनोरथ काफ्लेले भने- "विद्यार्थीहरूमा पढाइ सिप विकासका लागि मैले सामूहिक तथा व्यक्तिगत सस्वर वाचन गर्न लगाउने, शब्दार्थ पढ्न लगाउने, कविता लयमा पढ्न लगाउने, शब्दार्थ बोध गर्न लगाउने गरेको छु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २५, २०८१) । अर्का शिक्षक रामप्रसाद रिजालको कथन पनि त्यस्तै रहेको छ । उनी भन्छन्- "मैले शब्दार्थ बोध, कविताको  अर्थबोध, भावबोध गर्न लगाउने गरेको छु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २६, २०८१) । यी तथ्यलाई विश्लेषण गर्दा कविताका माध्यमबाट पढाइ सिप विकासका लागि पठन गतिको मापन, अनुमान, संरचना वर्णन, प्रश्नको निर्माणजस्ता सिकाइ सहजीकरणका क्रियाकलापहरू गराउने गरेको पाइएन ।

***लेखाइ सिपमा आधारित क्रियाकलापहरू***

पाठ्यक्रम विकास केन्द्र (२०७९क) अनुसार लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, अनुभव वर्णन, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, भावविस्तार वा व्याख्या, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, संवाद लेखन, विभिन्न क्षेत्रका व्यावहारिक लेखन र विभिन्न विधामा सिर्जनात्मक लेखन लगायतका क्रियाकलाप गराउनुपर्दछ (पृ.५०) । यी मध्ये कविता शिक्षणका लागि अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, भावविस्तार वा व्याख्या, सारांश लेखन,  सिर्जनात्मक लेखन आदि क्रियाकलाप उपयुक्त हुन्छन् । कविताका लागि उपयुक्त हुने उक्त पाठ्यक्रममा समाविष्ट सुनाइ सिपमा आधारित क्रियाकलापहरूका प्रयोगका सम्बन्धमा सहभागी शिक्षकहरूसँग अन्तर्वार्ता लिँदा ३० वर्ष शिक्षण अनुभव भएका एक सहभागी शिक्षक धनपति आचार्यले भने- "मैले कविता शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोग, भावलेखन, व्याख्या लेखन, सारांश लेखन, कविता लेख्न लेख्न प्रेरित गरेर लेखाइ सिपमा आधारित क्रियाकलापहरू सञ्चालन गर्ने गरेको छु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २५, २०८१) । त्यसै गरी अर्का शिक्षक सुरज पौडेल भन्छन्- "मैले वाक्यमा प्रयोग (वाक्यरचना), सारांश लेखन, व्याख्यालेखन, पाठका अभ्यास लेखन कविता लेखन गराएर लेखाइ सिपसँग सम्बन्धित

क्रियाकलापका माध्यमबाट कविता शिक्षण गर्दछु" (व्यक्तिगत अन्तर्वार्ता, वैशाख २६, २०८१) । अन्य सहभागीहरूबाट पनि यस्तै विचार प्रकट भएका छन् । यी तथ्यका आधारमा हेर्दा लेखाइ सिप विकासका लागि कविता शिक्षण सिकाइ सहजीकरणका प्रायः सबै क्रियाकलाप गर्ने गरेपनि अनुलेखन तथा श्रुतिलेखन लेखनका गराउने गरेको पाइएन ।

प्रस्तुत अध्ययनका सहभागीहरूका उपर्युक्त कथनका आधारमा विश्लेण गर्दा निम्न नतिजा निस्किएको छ :

**कविता शिक्षण विधिमा परम्पराकै निरन्तरता**

नेपाली भाषा शिक्षकहरूले कविताका माध्यमबाट भाषिक सिपको शिक्षण गर्दा पाठ्यक्रममा निर्दिष्ट विधि तथा क्रियाकलापभन्दा पनि परम्परागत आधारमा नै कविता विधाको उपयोग गरेको पाइयो । शिक्षणका क्रममा सुनाइ र पढाइको तुलनामा बोलाइ र लेखाइ सिपमा बढी समय दिने गरेको पाइयो । त्यस्तै अनुप्रास पहिचान र अनुप्रासयुक्त भाषाको बोध, कविताको संरचना पहिचान, विषयवस्तुको अनुमान र कल्पना, गीति वा पद्य कवितालाई व्याकरणिक पदक्रमअनुसार गद्यमा रूपान्तर, गद्य कवितालाई व्याकरणिक पदक्रममा रूपान्तरण, विषयवस्तुमा आधारित अन्तरक्रिया, सन्दर्भ र सन्देश बोध, संरचनाको अनुकरणात्मक लेखन तार्किक तथा समीक्षात्मक लेखन आदि कार्यकलाप गराउने गरिएको पाइएन । त्यसै गरी सम्बन्धित विषयवस्तुमा आधारित स्वतन्त्र रचना, विद्युतीय सञ्चारमा उपलब्ध कवितात्मक सामग्रीको सङ्कलन र कक्षा प्रस्तुतीकरण, भावमय अनुच्छेद लेखन गराउने गरेको देखिएन । अतः कविता शिक्षण सहजीकरण गर्दा नवीनतम् शिक्षण विधिको उपयोग हुन नसकी परम्पराकै निरन्तरता भएको पाइयो ।

**शिक्षक केन्द्रित विधि तथा क्रियाकलापहरूको बाहुल्यता**

उल्लिखित तथ्यका आधारमा हेर्दा अधिकांश सहभागी शिक्षकहरूले कविता शिक्षणका क्रममा चारोटै भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकासका लागि बोध तथा अभिव्यक्ति क्षमता विकाससम्बद्ध विधिहरूमा गीति/लयबद्ध वाचन, अर्थबोध, व्याख्यान विधि, प्रश्नोत्तर विधि, छलफल विधिको प्रयोग गर्ने गरेको अवस्था देखिन्छ भने क्रियाकलापहरू अन्तर्गत आदर्श वाचन, अनुकरण वाचन, उच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, व्याख्या विश्लेषण, प्रश्नोत्तर, छलफल, अभ्यास लेखन,

कविता रचना, कविता प्रतियोगिता सञ्चालन गर्ने गरेको अवस्था देखिन्छ । अतः कविता शिक्षण गर्दा शिक्षक केन्द्रित विधि तथा क्रियाकलापहरूको नै बाहुल्य भएको पाइयो ।

**पाठ्यक्रम निर्देशित अधिकांश विधि तथा कार्यकलापहरू सञ्चालनमा न्यूनता**

प्रस्तुत अध्ययन क्षेत्रका सहभागीहरूले भाषिक सिपहरू र कविता विधाका माध्यमबाट गरिने सीपहरूको शिक्षणमा आधारित क्रियाकलापहरू गर्ने गरेको पाइए पनि माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ निर्देशित केही सिकाइ सहजीकरण प्रक्रिया तथा क्रियाकलापहरूको प्रयोगमा कमी देखियो । त्यस्ता क्रियाकलापहरूमा विद्यार्थीहरूमा अन्तर्निहित बहुबौद्धिकता उजागर गर्ने खालका क्रियाकलापहरू सञ्चालन भएको पाइएन । त्यस्तै समालोचनात्मक सोच विकास गर्ने खालका क्रियाकलापहरू पनि भएको पाइएन । शिक्षकहरूले सहकार्यात्मक सिकाइलाई ख्याल गर्ने गरेको पाइएन । प्राप्त तथ्यहरू हेर्दा पाठ्यक्रम निर्देशित अधिकांश विधि तथा कार्यकलापहरू सञ्चालनमा न्यूनता रहेको देखियो ।

## निष्कर्ष

कविता सहजीकरण गर्दा प्रयोग गर्ने विधि तथा क्रियाकलापहरू बढी शिक्षक केन्द्रित रहेका, कविता शिक्षणको क्रममा अस्पष्टता/अन्योल रहेको, कविता शिक्षणमा सिकाइ सहजीकरण प्रक्रिया र तिनका चरणहरूको प्रयोगमा अलमल रहेको यस अध्ययनबाट निष्कर्ष निस्किएको छ । समग्रमा भन्दा माध्यमिक तहमा नेपाली विषय शिक्षकहरूले पाठ्यक्रमद्वारा निर्देशित सिकाइ सहजीकरण प्रक्रिया तथा क्रियाकलापहरूको समुचित रूपमा प्रयोग गरेको पाइएको छैन । विद्यार्थीकेन्द्रित विधि तथा क्रियाकलापहरूको कम प्रयोग हुने गरेको छ । कविता शिक्षण गर्दा नेपाली भाषा शिक्षकले अन्य क्रियाकलापभन्दा व्याख्या विश्लेषणतर्फ नै बढी जोड दिएका छन् । यसक्रममा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबाट निर्देशित अन्य क्रियाकलापहरूको थप प्रयोग गर्नुपर्ने आवश्यकता छ । माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली विषयको हाल कार्यान्वयनमा रहेको माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ ले शिक्षकलाई सहजकर्ताको रूपमा मानेको हुँदा सिकाइ सहजीकरण गर्दा शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त निर्देशन मात्र दिनुपर्नेमा शिक्षक नै बढी सक्रिय

रहने गरेको देखिएको छ । यसका लागि शिक्षक आफूले सहजकर्ताको भूमिका निर्वाह गरेर विद्यार्थीकेन्द्रित सहकार्यात्मक क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

कविता विधा शिक्षणका विभिन्न पक्षहरू बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास तथा भाषिक प्रकार्यहरूमध्ये प्रस्तुत अनुसन्धानलाई बोध तथा अभिव्यक्तिसम्बद्ध विधि तथा क्रियाकलापहरूलाई मात्र यस अध्ययनमा परिसीमित गरिएको छ । कविता शिक्षणका अन्य पक्षहरू भाषिक संरचना र वर्णविन्यास तथा भाषिक प्रकार्यका बारेमा यहाँ अध्ययन गरिएको छैन ।

प्रस्तुत लेखबाट माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई कविता शिक्षणसम्बद्ध उपयुक्त विधि तथा क्रियाकलापका प्रक्रियाहरू अपनाई शिक्षणमा प्रभावकारिता बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै यस लेखले कविता शिक्षणका लागि अनुसन्धान गर्न चाहने व्यक्तिहरूका लागि स्रोत सामग्रीको रूपमा पनि कार्य गर्छ भन्ने ठानिएको छ ।

यस अध्ययनसम्बद्ध भावि अनुसन्धानकालागि सम्भावित शीर्षकहरू निम्नानुसार सुझाइएको छ :

(क) भाषिक प्रकार्यको दृष्टिले माध्यमिक शिक्षामा कविता शिक्षण ।

(ख) माध्यमिक शिक्षामा कविताका माध्यमबाट भाषिक संरचना शिक्षण ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण* (तृतीय संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार।

क्रेसबेल, जोन डब्लु (सन् २००९), *रिसर्च डिजाइन : क्वालिटेटिभ, क्वान्टिटेटिभ र मिक्स मेथड्स एप्रोएच,* सेज पब्लिकेसन ।

घिमिरे, दिनेश (२०७७), *भाषिक विधा शिक्षण : प्रयोजन र प्रक्रिया,* इन्टेलेक्चुअल बुक प्यालेस ।

घिमिरे, विष्णु (२०७९), *माध्यमिक तह (कक्षा ९ र १०) मा नेपाली भाषा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधि र क्रियाकलापहरू* [एमफिल अप्रकाशित शोधप्रबन्ध], नेपाल खुला विश्वविद्यालय ।

डेन्जिन, नर्मन के.र लिङ्कन, योभा.यस. (सन् २०११), *द सेजह्याण्ड बुक अफ क्वालिटेटिभ रिसर्च,* सेज पब्लिकेसन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९), *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।

पन्थी, सीता सुवेदी (२०७९), माध्यमिक शिक्षामा कविता शिक्षण : प्रमुख विधि र प्रक्रिया, *शैक्षिक स्मारिका,* पृ.२०-२८, शिक्षा तथा मानवस्रोत विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७९क), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ (कक्षा ९ र १०)* अनिवार्य विषयहरू.।

पाठ्यक्रम विकास केन्द्र (२०७९ख), *नेपाली कक्षा ९* (पाठ्यपुस्तक) ।

पाठ्यक्रम विकास केन्द्र (२०८०क), *नेपाली कक्षा १०* (पाठ्यपुस्तक) ।

पाठ्यक्रम विकास केन्द्र (२०८०ख), *शिक्षक निर्देशिका, (कक्षा ९, नेपाली)* ।

पाठ्यक्रम विकास केन्द्र (२०८१), *शिक्षक निर्देशिका, (कक्षा १०, नेपाली)* ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, तिलक (सन् २०२४), भाषिक दर्शनका आधारभूत पक्ष र निहित अन्तरवस्तु, *त्रियुगा एकेडेमिक जर्नल, ३* (१), २४३-२५९ । https://doi.org/10.3126/taj.v3i1.71985

लम्साल, तिलक (सन् २०२४), सामुदायिक माध्यमिक विद्यालयमा भाषिक सिप विकासमा कथा शिक्षणका विधि तथा क्रियाकलापहरूको प्रयोग अवस्था, *कुटुम्ब वाणी, ५*(१), १४६-१५५ । https://doi.org/10.3126/kv.v5i1.71007

लामिछाने, यादवप्रकाश (२०६१), *नेपाली भाषा शिक्षण परिचय* (पाँचौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* साझा प्रकाशन ।

शर्मा, विष्णुप्रसाद (२०६८), साहित्य शिक्षणमा अपनाइने शिक्षण विधि तथा कार्यकलापहरू, *पृथ्वीदर्पण,* २ (२), ७३-७९ ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन*, शिखा बुक्स ।